## प्रुडेन्सियल ईन्स्योरेन्स कम्पनी लिमिटेडको
## उन्नाईसौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिका (माइन्युट)

१. **वैधानिक सभा :**

यस प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.ब. २०७६/०७७ को वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (१) बमोजिम मिति २०७८ साल असार ०६ गते आईतबार बिहानको ११:०० बजे बस्ने भनी कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना प्रकाशित गरी निम्न लिखित मिति, समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, विषय सूची, उपस्थिति, गणपुरक संख्या, वैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, शेयरधनीहरुबाट राखिएका जिज्ञासा, सुझावहरुको सूचिकरण, प्रश्नोत्तर र सभाको निर्णयहरु समेतको काम कारवाहीको देहाय बमोजिम अभिलेख गरियो ।

२. **साधारण सभाको स्थान, मिति र समय:**

स्थान : होटेल ईच्छा सिमरा, बारा ।
मिति : २०७८ साल असार ०६ गते आईतबार तद्नुसार २० जुन, २०२१ ।
समय : बिहानको ११:०० बजे प्रारम्भ भै अपरान्हको १२:३० बजे सम्पन्न ।

३. **साधारण सभा सम्बन्धी सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने स्थान, मिति र छलफल गर्ने विषय सूची तथा साधारण सभा सम्बन्धी बिस्तृत विवरण सहितको सूचना राष्ट्रिय दैनिक नागरिक दैनिकमा मिति २०७८/०१/११ र राष्ट्रिय दैनिक आर्थिक अभियानमा मिति २०७८/०२/३१ मा प्रकाशित गरिएको थियो ।

४. **छलफलका बिषय सूची :**

४.१. **सामान्य प्रस्ताव:**

४.१.१ आ. व. २०७६/७७ को संचालक समितिको बार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

४.१.२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७६/७७ को नाफा-नोक्सान तथा आय व्यय हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

४.१.३ आर्थिक वर्ष २०७७/७८ का लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४.१.४ संचालक समितिबाट प्रस्तावित रु. ४३,२१,८१८/९५ नगद लाभांश पारित गर्ने (बोनस शेयरको कर प्रयोजनार्थ)

४.१.५ संचालक समितिबाट समूह (ख) अन्तर्गत संचालक पदमा गरिएको नियूक्तीको अनूमोदन गर्ने ।

४.१.६ कम्पनीको संचालक समितिबाट नियुक्त गरिएको एक विज्ञ संचालक पदमा चार वर्षको लागि गरिएको नियुक्तिको अनुमोदन गर्ने ।

४.१.७ कम्पनीको सर्वसाधारण समुहको संचालकको पदावधी वार्षिक साधारण सभा अघिनै व्यतित भएको कारण कम्पनीको वार्षिक साधारण सभा सम्मका लागि पदावधी थप गर्ने सम्बन्धमा संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

४.१.८ समूह (ख) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट २ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने ।

४.२. विशेष प्रस्ताव :

४.२.१ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब २ करोड ६४ लाख ३२ हजार चूक्ता पूंजीको ८ प्रतिशत बोनस शेयर (कर बाहेक) परित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।

४.२.२ कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी १ अर्ब २ करोड ६४ लाख ३२ हजारबाट वृद्धि गरी रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ६ सय पचास पुरयाउने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

४.२.३ प्रस्तावित बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पूंजीमा कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ६०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा ९% घटाई ५१% कायम राखी सर्वसाधारण समूहमा ४०% रहेकोमा सो ४०% बाट बढाई ४९% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

४.२.४ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा विज्ञ संचालक १ सहित संस्थापक संचालक संख्या ३ र सर्वसाधारण २ गरी जम्मा संख्या ६ रहेकोमा विज्ञ संचालक १ सहित संस्थापक संख्या ४ र सर्वसाधारण २ गरी जम्मा संख्या ७ हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।

४.२.५ विशेष प्रस्ताव नं. १, २, ३ र ४ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।

४.२.६ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरवदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरवदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

४.२.७ संचालक समिति तथा उप समितिको बैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने सम्वन्धमा ।

४.३. विविध ।

५. उपस्थिति :

५.१ संचालकहरुको तर्फबाट

| | | |
|---|---|---|
| १. | श्री विशाल अग्रवाल | अध्यक्ष |
| २. | श्री अमित अग्रवाल | संचालक |
| ३. | श्री अर्पित अग्रवाल | संचालक |

४. श्री शैलेश संघई — संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
५. श्री अनिता टण्डन — संचालक (सर्वसाधारण शेयरधनीको तर्फबाट)
६. डा. बिनोद आत्रेय — संचालक (विज्ञ)

५.२ व्यवस्थापनको तर्फबाट

१. श्री वीरकृष्ण महर्जन — प्रमुख कार्यकारी अधिकृत
२. श्री आनन्द बाबु खड्का — कम्पनी सचिव
३. श्री निरोज कोइराला — मुख्य प्रवन्धक- वित्त

५.३ अन्य उपस्थिति:

१. श्री बाल मुकुन्द खरेल — निर्वाचन अधिकृत

६. गणपुरक संख्या :

| विवरण | शेयरधनी संख्या | शेयर संख्या | प्रतिशत |
|---|---|---|---|
| स्वयं उपस्थित | १० | ८३६९१७ | ८.१५ |
| प्रोक्सीबाट | ४७ | ५२००३८१ | ५०.६६ |
| जम्मा प्रतिनिधित्व | | | |
| जम्मा शेयर संख्या | ५७ | ६०३७२९८ | ५८.८१ |

७. सभा संचालन तथा सभाको वैधानिकता:

७.१ सभाको संचालन:

सभामा सहभागी हुने शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, पदाधिकारीज्यूहरु, एवं आमन्त्रित गन्यमान्य व्यक्तिहरुलाई कम्पनीका तर्फबाट स्वागत तथा अभिवादन गर्दै मर्यादाक्रम अनुसार आशन ग्रहणका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले अनुरोध गर्नु भयो ।

७.२ सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम ४.३ अनुसार कम्पनीको उन्नाइसौं वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ बमोजिम कम्पनीको कुल चुक्ता पूंजीको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्नेमा ५८.८१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ५७ जना शेयरधनीहरु उपस्थित भइसक्नु भएकोले कानूनत: सभामा गणपुरक संख्याको उपस्थिति भई सभाले बैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले सभालाई जानकारी गराउनु भयो ।

८. सभाको सभापतित्व:

सभाको वैधानिकता घोषणा पश्चात् वार्षिक साधारणसभाको सभापतित्व गर्नका लागि कम्पनीका कम्पनी सचिव श्री आनन्द बाबु खड्काले संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । सो पश्चात अध्यक्ष श्री विशाल अग्रवालज्यूले सभाको सभापतित्व ग्रहण गरी सभाको विधिवत् उद्घाटन गर्नुभयो ।

९. **संचालक समितिका तर्फबाट उन्नाईसौ बार्षिक प्रतिवेदन प्रस्तुति :**
सभाको पुर्व निर्धारित छलफलको विषय नं. १ को प्रस्ताव अनुसार सभाको सभापतित्व गर्नु भएका संचालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूले संचालक समितिको तर्फबाट आ. व. २०७६/७७ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. **छलफलका लागि आव्हान :**
आ. व. २०७६/७७ को उन्नाइसौं वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदन पेश भए पश्चात् उक्त प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहित आ.ब. २०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह बिबरण उपर छलफल गर्न सभापतिको अनुमति लिई कम्पनी सचिवले सभामा उपस्थित इच्छुक शेयरधनी महानुभावहरुलाई आव्हान गर्नुभयो ।

त्यस पश्चात वार्षिक साधारण सभामा जुम माध्यमबाट उपस्थित संस्थापक शेयरधनी श्री अशोक कुमार अग्रवालज्यूबाट कम्पनीको भावी पूंजी वृद्धि योजना के रहेको छ ? भनी सोधिएको प्रश्नमा कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री विशाल अग्रवालज्यूबाट कम्पनीको नाफाबाट बोनस शेयर तथा हकप्रद शेयर वितरण गर्दै पूंजी बढाउदै लग्ने योजना रहेको साधारण सभामा जानकारी गराउनु भयो ।

त्यसैगरी, कम्पनीका संस्थापक शेयरधनी श्री सुमित अग्रवालज्युबाट कम्पनी अन्य कुनै उपयुक्त कम्पनी संग मर्जरमा जानको लागि विकल्प सोच्नुपर्ने धारणा राख्नु भयो भने अर्का संस्थापक शेयरधनी श्री युनाईटेड डिष्ट्रिव्यूटर्स नेपाल प्रा.लि. का प्रतिनिधि श्री आशिष अग्रवालज्युले यस कम्पनीले आफ्नै भवन निर्माण गर्ने तर्फ अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

११. **सभाको निर्णयहरु :**

११.१ **संचालक समितिको बार्षिक प्रतिवेदन सम्बन्धमा ।**
संचालक समितिका तर्फबाट अध्यक्ष श्री विशाल अग्रवालज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७६/७७ को बार्षिक प्रतिवेदन सर्वसम्मतीबाट पारित भयो ।

११.२ **कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आषाढ ३१, २०७७ को वासलात तथा आर्थिक बर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय बिबरणहरु सम्बन्धमा ।**
कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७६/७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु सर्वसम्मतीबाट पारित भयो ।

११.३ **आर्थिक बर्ष २०७७/७८ को लागि कम्पनीको लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनीको आर्थिक बर्ष २०७७/७८ को लेखापरिक्षणको लागि श्री के.जे. एण्ड एशोसियट्स (चार्टड एकाउन्टेन्टस्) लाई निम्न पारिश्रमिक दिने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

| क्र. सं. | शुल्क | २०७७/७८ (वार्षिक रु.) |
|---|---|---|
| १. | लेखापरिक्षण | २,१५,०००।०० |
| २. | कर लेखापरिक्षण | ५०,०००।०० |
| ३. | विस्तृत लेखापरिक्षण प्रतिवेदन | १७,५००।०० |
| ४. | दफा ७८ प्रमाणित शुल्क | १७,५००।०० |
| | जम्मा | ३,००,०००।०० |

**११.४ संचालक समितिबाट समूह (ख) अन्तर्गत रिक्त एक संचालक पदको बांकी कार्यकालका लागि गरिएको नियूक्तीको अनूमोदन गर्ने ।**

सञ्चालक समितिबाट समूह (ख) अन्तर्गत नियुक्त हुनु भएका श्री शैलेश संघईज्यूको नियुक्ती सर्वसम्मतीबाट अनुमोदन गरियो ।

**११.५ कम्पनीको संचालक समितिबाट नियुक्त गरिएको एक विज्ञ संचालक पदमा चार वर्षको लागि गरिएको नियुक्तिको अनुमोदन गर्ने ।**

कम्पनीको संचालक समितिबाट नियुक्त गरिएको एक विज्ञ संचालक पदमा डा. बिनोद आत्रेयज्यूलाई चार वर्षको लागि गरिएको नियुक्ति सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**११.६ कम्पनीको सर्वसाधारण समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघिनै व्यतित भएको कारण कम्पनीको वार्षिक साधारण सभा सम्मका लागि पदावधी थप गर्ने सम्बन्धमा संचालक समितिको निर्णय अनुमोदन गर्ने ।**

कम्पनीको सर्वसाधारण समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघिनै व्यतित भएको कारण कम्पनीको वार्षिक साधारण सभा सम्मका लागि पदावधी थप गर्ने सम्बन्धमा संचालक समितिको निर्णय सर्वसम्मतिबाट अनुमोदन गरियो ।

**११.७ समूह (ख) अन्तर्गत संस्थापक शेयरधनीहरुबाट २ जना प्रतिनिधि संचालक निर्वाचन गर्ने सम्बन्धमा ।**

निर्वाचन अधिकृत श्री बाल मुकुन्द खरेलले समूह (ख) अन्तर्गत सर्वसाधरण शेयरधनीहरुको तर्फबाट श्री शैलेश संघई, र श्री अनिता रायमाझी टण्डनलाई संचालक पदमा अर्को ४ वर्षका लागि निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो । नव निर्वाचित संचालकज्यूहरुद्वारा संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको प्रमाणपत्र ग्रहण गर्नुका साथै संचालकको हैसियतले राख्नु पर्ने गोप्यता र इमान्दारीताको शपथ लिईयो ।

**११.८ संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब २ करोड ६४ लाख ३२ हजार चूक्ता पूंजीको ८ प्रतिशत बोनस शेयर (कर बाहेक) परित गर्ने र सो अनुकुल कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने ।**

संचालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई कम्पनीको हाल कायम रहेको रु. १ अर्ब २ करोड ६४ लाख ३२ हजार चूक्ता पूंजीको ८

प्रतिशत बोनस शेयर (कर बाहेक) परित गर्ने र सो अनुकुल कम्पीको अधिकृत, जारी र चुक्ता पूंजी कायम गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

११.९ कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी १ अर्ब २ करोड ६४ लाख ३२ हजारबाट वृद्धि गरी रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ६ सय पचास पुरयाउने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

कम्पनीको अधिकृत, जारी र चुक्ता पूंजी १ अर्ब २ करोड ६४ लाख ३२ हजारबाट वृद्धि गरी रु. १ अर्ब १० करोड ८५ लाख ४६ हजार ६ सय पचास पुरयाउने । सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

१२. कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ६०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा ९% घटाई ५१% कायम राखी सर्वसाधारण समूहमा ४०% रहेकोमा सो ४०% बाट बढाई ४९% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने ।
नियमनकारी निकाय श्री बीमा समितिको सैद्धान्तिक सहमति लिई कम्पनीको संस्थापक शेयरधनीहरुको समूहमा ६०% शेयर स्वामित्व रहेकोमा उक्त शेयर स्वामित्वमा ९% घटाई ५१% कायम राखी सर्वसाधारण समूहमा ४० रहेकोमा सो ९% बाट बढाई ४९% मा कायम राखी शेयर स्वामित्वमा परिणत गर्ने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

१२.१ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा विज्ञ संचालक १ सहित संस्थापक संचालक संख्या ३ र सर्वसाधारण २ गरी जम्मा संख्या ६ रहेकोमा विज्ञ संचालक १ सहित संस्थापक संख्या ४ र सर्वसाधारण २ गरी जम्मा संख्या ७ हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।
कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा विज्ञ संचालक १ सहित संस्थापक संचालक संख्या ३ र सर्वसाधारण २ गरी जम्मा संख्या ६ रहेकोमा विज्ञ संचालक १ सहित संस्थापक संख्या ४ र सर्वसाधारण २ गरी जम्मा संख्या ७ हुने गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

१२.२ विशेष प्रस्ताव नं. १, २, ३ र ४ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव पारित गर्ने ।
विशेष प्रस्ताव नं. १, २, ३ र ४ अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संचालक समितिको प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

१२.३ कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने लगायत कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव सर्वसम्मतीबाट पारित गरियो ।

**१२.४ सञ्चालक समिति तथा उप समितिको बैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समिति तथा उप समितिको बैठक भत्ता तथा सुविधा पुनरावलोकन गर्ने प्रस्तावमा संचालक समितिका अध्यक्षलाई प्रति बैठक भत्ता रु. १५,०००/- र संचालक समितिका सदस्यहरुलाई प्रति बैठक भत्ता रु. १३,५००/- गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभाका सभापति श्री विशाल अग्रवालज्यूले उन्नाइसौं वार्षिक साधारण सभामा सहभागी भई सभा सफलतापूर्वक संचालन गर्न सहयोग पुऱ्याउनु भएका शेयरधनी महानुभावहरु, बुद्धिजीवी तथा विशिष्ट अतिथि, निर्वाचन अधिकृत लगायत कर्मचारीहरुलाई धन्यवाद दिनु हुदै वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

आनन्द बाबु खड्का
कम्पनी सचिव

Prudential Insurance Company Ltd. Kathmandu * 2059 *

विशाल अग्रवाल
अध्यक्ष